गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# प्रादेशिक जनस्वास्थ्य केन्द्र
गण्डकी प्रदेश पोखरा, नेपाल

पत्र संख्या: ०८२।०८३
चलानी नं:

## सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८२।१२।२८

वैदेशिक रोजगारको कार्यलाई सुरक्षित,मर्यादित, व्यवस्थित तथा भरपर्दो बनाउने उदेश्यले गण्डकी प्रदेशमा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तरगत प्रदेश भित्रका स्थानीय तहमा कार्यरत मनोसामाजिक परामर्श कर्ताहरुको क्षमता विकास, अनुगमन तथा अन्य प्राविधिक सहयोगको लागि निम्नानुसारको जनशक्ति सेवा करारमा लिनु पर्ने भएकोले १५ दिन भित्र निम्न लिखित कागजातहरु सहित यस केन्द्रको प्रशासन शाखामा दरखास्त पेश गर्न आह्वान गरिन्छ ।

**क. पदको विवरण**

| क्र.स. | विज्ञापन नं | पद | तह | पदपुर्ति संख्या | सेवाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८२/८३ | मनोविद् | अधिकृत सातौं | १ (एक) | करार | |

**ख. आवश्यक न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्था (विश्वविद्यालय) बाट मनोविज्ञान (क्लिनिकल साइकोलाजी मेजर, काउन्सेलिङ्ग साइकोलोजी, स्कुल साइकोलोजी) मा स्नातकोत्तर उत्तिर्ण गरी कम्तिमा दुई वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव; पोष्ट ग्राजुएट डिप्लोमा इन् काउन्सेलिङ उत्तीर्ण गरी मनोसामाजिक परामर्शकर्ताहरुको सुपरभाइजर भएर कम्तीमा तीनवर्ष काम गरेको अनुभव र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिम लिएको । विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए सम्बन्धीत निकायबाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र हुनु पर्नेछ । कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms Office (Word, Excel, Power point, Outlook, Email, Internet, KOBO Tool) सहजरूपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइपगर्न सक्ने ।

**ग आवश्यक कागजातहरुः** दरखास्त फाराम पेश गर्दा देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(१) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,
(२) राष्ट्रिय परिचय पत्रको प्रतिलिपि,
(३) शैक्षिक योग्यताको (चारित्रिक तथा लब्धाङ्कपत्र) प्रमाणपत्रका प्रतिलिपिहरुः (एस.एल.सि./एस.ई.ई., सो भन्दा माथिल्लो आवश्यक न्यूनतम शैक्षिक योग्यताको सबै),
(४) समकक्षता/सम्बद्धता भएमा सोको प्रतिलिपि,
(५) तालिमका प्रमाणपत्रका प्रतिलिपिहरु,
(६) दरखास्त दस्तुर बुझाएको सक्कल रसिद ।

**उमेर** : दरखास्त आह्वान भएको अन्तिम मितिसम्म २१ वर्ष पुरा भै ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

**परिक्षा दस्तुर** : रु १२००।० (एक हजार दुई सय) राष्ट्रिय वाणिज्य बैंक, पोखरा
कार्यालय कोडः ३७००१३९०५४ राजश्व शिर्षक नं-१४२२४

**छनौटको किसिमः** अन्तवार्ता ।

**तलव तथा अन्य सुविधाः** प्रदेश निजामती सेवाको सम्बन्धित तहको शुरु स्केल वा सो सरह ।

**कार्यक्षेत्र** : प्रादेशिक जनस्वास्थ्य केन्द्र, गण्डकी प्रदेश पोखरामा रहि सुरक्षित आप्रवासन (Sami) कार्यक्रम लागु भएका स्थानिय तहहरु ।

**सेवा करार अवधिः** २०८३ असार मसान्तसम्म ।

**दरखास्त दिने अन्तिम मिति** : २०८३ बैशाख १२ गते कार्यालय समय भित्र बुझाउनु पर्नेछ । अन्तिम मितिमा सार्वजनिक विदा पर्ने गएमा सोको लगत्तै कार्यालय खुल्ने दिनको कार्यालय समय भित्र ।

**सम्पर्क मितिः** दरखास्त बुझाउने अन्तिम मितिको भोली पल्ट कार्यालय समय भित्र ।

डा मधुरजी ढकाल
नि. निर्देशक
**निमित्त निर्देशक**

Website: pphc.gandaki.gov.np | Email: pphc.gandaki@gmail.com | Phone: 061-585717

Scanned with CamScanner